# मेलौली नगरपालिकाको वस्तुस्थित विवरण

## २०८१

मेलौली नगरपालिका नगर कार्यपालिकाको

कार्यालय मेलौली, बैतडी,
सुदुरपश्चिम प्रदेश, नेपाल

## विषय सुची

परिच्छेद एक परिचय — ........ 5
- १.१ पृष्ठभुमिः ........ 5
- १.२ उदेश्यः ........ 5
- १.३ कानुनी तथा नीतिगत आधारहरु ........ 6
- १.४ तयारी विधी तथा प्रक्रियाः ........ 6
- १.५ वस्तुस्थिति विवरणको सीमाः ........ 7

परिच्छेद दुई नगरपालिकाको चिनारी — ........ 8
- २.१ भौगोलिक अवस्थिती तथा हावापानीः ........ 8
- २.२ राजनीतिक अवस्थितीः ........ 9
- २.३ धरातलीय अवस्थाः ........ 10
- २.४ प्राकृतिक तथा ऐतिहासिक स्थलहरुको विवरणः ........ 10
- २.५ सांस्कृतिक उत्कृष्टताः ........ 11
  - २.५.१ स्थानीय चाडपर्व,जात्रा तथा मेलाहरुको विवरणः ........ 11
  - २.५.२ पर्यटकीय तथा धार्मिक स्थलहरुको विवरणः ........ 12
  - २.५.३ होटल, रिसोर्ट, रेष्टुरेन्ट र होमस्टे सम्बन्धिः ........ 15
- २.६ खेलकुद तथा मनोरन्जनः ........ 15
- २.७ सार्वजनिक भवन, पाटी पौवा र चौताराः ........ 16
- २.८ विकासका सम्भावनाहरूः ........ 17
- २.९ नगरपालिकाका चुनौतीहरुः ........ 18

परिच्छेद तीन जनसंख्याको विवरण — ........ 19
- ३.१ जनसंख्या वितरणको अवस्थाः ........ 19

३उमेर तथा लिङ्गका आधारमा जनसंख्याः २. ........ 20

३.३ भाषाका आधारमा जनसंख्याको विवरणः ........ 21

३.४ विवाहका आधारमा जनसंख्याको विवरणः ........ 21

३.५ जातिगत आधारमा जनसंख्याको विवरणः ........ 21

३.६ लिङ्गका आधारमा परीवारमुलीको विवरणः ........ 22

३.७ पेशागत आधारमा जनसंख्याको विवरणः ........ 22

३.८ अपाङ्गतका आधारमा जनसंख्याको विवरणः ........ 24

३.९ धर्मका आधारमा जनसंख्याको विवरणः ........ 24

३.१० जन्म तथा मृत्युदरको विवरणः ........ 25

३.११ शौचालय प्रयोग गर्ने तथा स्व्च्छ खानेपानीको सुविधा सम्बन्धि विवरणः ........ 25

परिच्छेद चार आर्थिक विकास — ........ 25

४.१ प्रमुख आर्थिक विवरणः ........ 26

४.१.१ औषत आम्दानी विवरणः ........ 26

४.१.२ बत्तीको प्रयोगको आधारमा घरपरीवार विवरणः ........ 26

४.१.३ छानाको प्रकारको आधारमा घरपरीवार विवरणः ........ 26

४.२ भुउपयोगको अवस्था- ........ 26

४.३ कृषि तथा पशु विकास ........ 27

४.३.१ कृषि उत्पादन सम्बन्धि विवरण ........ 28

४.३.२ पशुपालनको अवस्था ........ 29

४.३.३ कृषि उपजमा लाग्ने रोग तथा कीराहरु ........ 30

४.३.४ पशु पन्क्षीमा लाग्ने रोग तथा कीराहरु ........ 30

४.३.५ आधुनिक कृषि तथा पशुपालन कृषि फर्मसम्बन्धी विवरण ........ 31

४.४ उधोग व्यापार तथा बैंकीङ्गः ........ 31

परिच्छेद सामाजिक अवस्था ५ — ........ 32

५.१ शैक्षिक तथा मानव शंसाधन विकासः ........ 32

५.१.१ मेलौली नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुः ........ 33

५.२ स्वास्थ्य तथा पोषणः.....35
५.३ खानेपानी तथा सरसफाईः.....36
परिच्छेद छ वन —, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था.....37
६.१ वन तथा जैविक विविधताको क्षेत्रको अवस्थाः.....37
६.२ विपद् जोखिम व्यवस्थापनः.....41
६.३ जल स्रोतको विवरणः.....42
६.४ मेलौली नगरपालिका क्षेत्रभित्र रहेका खानीहरु सम्बन्धि विवरणः.....42
परिच्छेद सात पुर्वाधार विकासको अवस्था —.....43
७.१ यातायात पुर्वाधारः.....43
७.२ सञ्चार तथा प्रविधीः.....44
परिच्छेद आठ संस्थागत विकास तथा सुशासन —.....45
८.१ संगठानात्मक तथा मानव संशाधानको अवस्थाः.....45
८.२ मेलौली नगरपालिकाका कार्यपालिका सदस्यहरुको विवरण.....46
८.३ नगरपालिकामा रहेका कर्मचारीहरुको विवरणः.....46
८.४ संघ संस्था सम्बन्धि विवरणः.....48
८.५ ऐन, नीति, नियम र कार्यप्रणालीः.....49
अनुसुचीः मेलौली नगरपालिका र नगरपालिका अन्तर्गतका सम्पुर्ण वडाहरुका नक्साहरु.....51

# परिच्छेद — एक परिचय

## १.१ पृष्ठभुमिः

नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार संचालन ऐन, २०७४ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले स्थानीय तहलाई आ–आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालिन र दीर्घकालीन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय तहको आवधिक, रणनीतिक विषय क्षेत्रगत एवं बार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थिति सहित स्थानीय तहको वस्तुस्थिती विवरण तयारी आवश्यक रहेको छ । उक्त विवरणमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासका क्षेत्रमा स्थानीय तह भित्र रहेका भौतिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक, सामाजिक, मानवीय स्रोत साधनहरुको तथ्याङ्कको विश्लेषण र प्रस्तुति संलग्न हुन आवश्यक छ ।

स्थानीय योजना तर्जुमा, कार्यान्वन तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन वस्तुस्थिती विवरणले गाउँपालिका, नगरपालिका तथा अन्य विकास प्रदायक संस्थालाई महत्वपूर्ण आधार प्रदान गर्दछ । तसर्थ वस्तुस्थिती विवरणमा योजना तर्जुमा, नतिजा अनुगमन तथा सेवा प्रवाहको लागि आवश्यक आधारभूत विवरण संकलन गर्ने र निश्चित अवधिमा त्यसलाई अद्यावधिक गर्दै उपलब्ध स्रोत साधनको समुचित उपयोग गरी दिगोविकास तथा सुशासन सुनिश्चित गर्नुपर्ने हुन्छ । त्यसका लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको गाउँ तथा नगर वस्तुस्थिती विवरण तयारी कार्यविधि २०७५ अुनसारको मार्गदर्शन अनुसार मोवाईल एप्सको प्रयोग मार्फत पारिवारिक विवरण र संस्थागत विवरण संकलन गरी विवरणको भण्डारण, प्रशोधन रविश्लेषणका आधारमा वस्तुस्थिती विवरण प्रकाशन गर्नुपर्ने देखिन्छ । साथै यसको नगरपालिकाले समय समयमा अद्यावधिक गरी योजना तथा बजेटलाई प्रभावकारी र नतिजामुखी बनाई स्थानीय तहको आर्थिक, सामाजिक रुपमा दिगो विकास गरी नागरिकलाई सुशासनको प्रत्याभुति गराउने लक्ष्यका साथ मेलौली नगरपालिकाको आर्थिक सहयोगमा अपि-सैपाल विकास मञ्च संस्थाले यो वस्तुस्थित विवरण तयार पारिएको छ ।

## १.२ उदेश्यः

नगरपालिकाको यथार्थ अवस्था दर्शाउने सूचनाको एकीकृत दस्तावेज तथा विद्युतीय सूचना व्यवस्थापन प्रणाली तयार गर्नु वस्तुस्थिति विवरण तयारीको प्रमुख उद्देश्य हो । यस दस्तावेज तयारीका विशिष्ट उद्देश्य देहाय बमोजिम रहेका छन् ।

i. नगरपालिकाको प्राकृतिक तथा भौगोलिक, जनसाङ्ख्यिक, आर्थिक, सामाजिक, भौतिक विकास, वातावरण तथा विपद् र संस्थागत विकास तथा सुशासन क्षेत्रको क्षेत्रगत तथ्याङ्क उपलब्ध गराउने,
ii. योजना तर्जुमा, राजश्वको दर निर्धारण, दैनिक कार्य सम्पादन तथा सेवा प्रवाहका लागि आवश्यक सूचना वडागत तथा लैंगिकताका आधारमा खडिकृत रुपमा तयार गर्ने,

iii. विकासका सम्भावना, अवसर, समस्या तथा चुनौति पहिचान गर्न आवश्यक सूचना उपलब्ध गराउने,

iv. वस्तुस्थिति विवरणको तयारी कार्यमा विद्युतिय सूचना प्रविधिको प्रयोग गरी मोवाइल एप तथा वेवसाइटमार्फत सबैको पहूँच स्थापित हुने गरी सार्वजनिक गर्ने,

v. आवश्यकता अनुसार सच्चाउन सकिने तथा स्वतः अद्यावधिक हुने तालिका सहितको डिजिटल प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गर्ने ।

## १.३ कानुनी तथा नीतिगत आधारहरु

यस वस्तुस्थिति विवरण तयारीका कानूनी तथा नीतिगत आधारहरूलाई देहाय बमोजिम रहेका छन् ।

**क. नेपालको संविधानः** संविधानको अनुसूची ८ अन्तरगत क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन सम्बन्धी अधिकार र क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अधिकारलाई स्थानीय तहको अधिकारको रुपमा सूचीकृत गरेको छ ।

**ख. नेपाल सरकार को कार्य विस्तृतीकरण प्रतिवेदनः** यस प्रतिवेदन अनुसार स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा सहित स्थानीय तहको आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहमा रहेको छ ।

**ग. स्थानीय सरकार सञ्चालन ऐन , २०७४** :ऐनको दफा ११ मा स्थानीय तह सम्बन्धी नीति, कानून, मापदण्ड लगायत स्थानीय अभिलेख व्यवस्थापन, तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण र वेरोजगारको तथ्याङ्क संकलनलाई काम, कर्तव्य र अधिकार अन्तर्गत उल्लेख समावेश गरेको छ । सोही दफामा जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्रार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्ध पाश्र्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखनलाई समेत समेटिएको छ । यसका अतिरिक्त ऐनको दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत उपदफा २ को खण्ड ख मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचनासहितको वडाको पार्शचित्र तयार तथा अद्यावधिक गर्नुपर्ने उल्लेख गरिएको छ ।

**घ. स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४** :यस दिग्दर्शनमा स्थानीय सरकारले वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुस्थिति विवरण तयार वा अद्यावधिक गर्नु पर्ने र अद्यावधिक वस्तुस्थिति विवरण आफ्नो वेवसाइट मार्फत् सार्वजनिक गर्नु पर्ने उल्लेख गरिएको छ।

**ङ. गाउँ / नगर वस्तुस्थिति विवरण तयार कार्यवीधि २०७५** : तथ्याङ्क सङ्कलनका पद्धति, औजार तथा प्रक्रिया निर्धारण गरी स्तरीय ढाँचामा वस्तुस्थिति विवरण तयारी गर्न आवश्यक व्यवस्थासहित मार्गदर्शन प्रदान गरेको छ ।

## १.४ तयारी विधी तथा प्रक्रियाः

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको गाउँ/नगर वस्तुस्थिती विवरण तयारी कार्यविधि, २०७५ अनुसार पारिवारिक तथा संस्थागत तथ्यांक संकलनका लागी तयार

पारिएको प्रश्नहरुका बारेमा गाउँपालिकासँग छलफल गरि सल्लाह सुझाव संकलन गरियो । सो छलफलबाट आएका सुझावहरु समेट्दै प्रश्नहरुलाई Kobo toolbox द्धारा गाउँपालिकाका नाममा मोवाईल एप्स तयार गर्ने ।

- पहिलो चरणमा पारिवारिक तथ्यांक संकलन गर्नका लागी वस्तुस्थिति विवरण संकलनमा सहयोग पुर्याउनका लागि गाउँपालिकाको तर्फबाट एक जना सम्पर्क व्यक्ति तोकियो । उक्त सम्पर्क व्यक्तिको सहयोगमा वडाका सम्पूर्ण वडा अध्यक्षज्यूहरुलाई गणक छनौटका लागी अनुरोध गरियो र वडा अध्यक्षज्यूहरुले प्रत्येक वडाबाट दुई दुई जनाका दरले गणकहरु छनौट गरियो ।
- गणक छनौट अभिमुखिकरण र परिचालनः प्रत्येक वडाबाट गणकहरु छनौट भएर आईसकेपछि गणकहरुको नाम मोवाईल एप्सको System मा राखियो ताकी वहाँहरुलाई तथ्यांक संकलनका क्रममा अनलाईन अनुगमन गर्न सकियोस र छिटो भन्दा छिटो काम गर्न सकियोस् । तत् पश्चात गणकहरुलाई एक दिनको तथ्यांक संकलनको प्रक्रिया, प्रश्नोत्तर सम्वन्धि अभिमुखिकरण गरियो । अभिमुखिकरण पछि एक दुई दिन गणकहरुलाई परिक्षणका लागी तथ्यांक संकलन कार्य गर्न लगाईयो । त्यसपछि गणकहरुलाई सम्वन्धित वडामा तथ्यांक संकलनका लागी परिचालन गरियो ।
- तथ्यांक प्रशोधन तथा विश्लेषण र श्रोतनक्सा तयारीः नगरपालिकाको सम्पूर्ण पारिवारिक तथ्यांक मोवाईल एप्सबाट आउने र अनलाईन डाटा प्रणालीमा बस्ने भएका कारण सूचना तथा प्रविधिमा दक्ष व्यक्तिले तथ्यांकको प्रशोधन, विश्लेषण र श्रोतनक्सा तयार पार्ने मुख्य जिम्मेवारी दिईएको थियो ।
- मस्यौदा प्रतिवेदन तयारी र प्रस्तुतिः तथ्यांक संकलनका क्रममा कतिपय तथ्यांकहरु छुटेका पनि हुन सक्छन्, कतिपय, नमिलेका पनि हुन सक्छन् त्यसैले छुटेका कुरालाई अध्यावधिक गर्ने, संकलित तथ्यांकमा सम्वन्धित सवैको सल्लाह सुझाव संकलन गरि वस्तुस्थिती विवरणलाई अन्तिमरुप दिनकालागी मस्यौदा प्रतिवेदन तयार पारी कार्यपालिका सदस्य, गाउँपालिका र विषयगत कर्मचारीहरुविचमा एक दिन प्रतिवेदन प्रस्तुतिकरण गरिएको थियो ।
- नगरपालिका वस्तुस्थिती विवरणको अन्तिम प्रतिवेदन तयारीः मस्यौदा प्रतिवदेन प्रस्तुतिकरणबाट आएका सल्लाह सुझावहरु अनुसार नगरपालिका वस्तुस्थित विवरणलाई अन्तिम रुपदिईएकोछ र नगरपालिकासँगको सम्झौता अनुसार वस्तुस्थिती विवरणको प्रिन्ट गरि नगरपालिकामा अन्तिम प्रतिवेदन पेश भएकोछ ।

## १.५ वस्तुस्थिति विवरणको सीमाः

नगरपालिका वस्तुस्थिती विवरणमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलायले उपलब्ध गराएको कार्यविधी, २०७५, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिश्दर्शन २०७४ र नेपालको संविधानमा व्यवस्था भएको अनुसूची ८ बमोजिम स्थानीय सरकारका एकल अधिकारमा उल्लेख भए वमोजिम, विगतमा भईरहेका अभ्यास र वर्तमान नगरपालिकाका आवश्यकता अनुसार

यो वस्तुस्थिती विवरण संकलन गरिएको छ । यस विवरणमा पारिवारिक तथ्यांक पूर्णतया प्राथमिक तथ्यांक संकलन प्रणाली अनुसार मोवाईल एप्सको प्रयोगद्धारा संकलन गरिएको छ भने संस्थागत विवरण द्धितिय तथ्यांकमा आधारित छ ।जसमा सरकारी, गैरसरकारी, संस्थानहरु, नगरपालिकाका विभिन्न शाखा, उपशाखा र वडाहरुबाट तथ्यांक संकलन गरिएको छ । साथै यस वस्तुस्थिती विवरणमा विभिन्न श्रोत नक्साको प्रयोग पनि गरिएको छ ।यस तथ्यांकको मुख्य विशेषता भनेको नगरपालिकाले आफ्नो सुविधा अनुसार यसलाई Online र Offline दुवै तरिकाले राख्न सक्छ। यसको प्रभावकारी प्रयोग मार्फत आफ्नो नगरपालिकामा अल्पकालीन, दीर्घकालिन योजना, गौरवका आयोजना, लक्षित वर्गका लागी योजना बनाई लागू गर्न सक्छ । साथै यसलाई Online द्धारा नै अध्यावधि गर्न पनि सक्छन्।




## परिच्छेद – दुई नगरपालिकाको चिनारी

यस परिच्छेदमा नगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतक अवस्थिति, धरातलिय अवस्था, प्राकृतिक श्रोत तथा सम्पदा र सांस्कृतिक सम्पदासम्बन्धी विवरणलाई उल्लेख गरिएको छ ।

### २.१ भौगोलिक अवस्थिती तथा हावापानीः

नेपाल सरकारको मिति २०७३ फाल्गुन २२ गतेको निर्णय अनुसार प्रारम्भमा साविकका मेलौली, महारुद्र, विशालपुर, दुर्गास्थान (१,२,३,८ र ९ वार्डहरु), सलेना, शिवनाथ(६,७ र ९ वार्डहरु), रोडीदेवल(४,५,६ र ७

वार्डहरु) गा.वि.स. हरु समावेश गरी मेलौली नगरपालिका घोषणा गरिएको हो । नेपालको संविधान २०७२ लागु भए संगै स्थानिय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारकै मिति २०७३ फागुन २७ गतेको राजपत्रमा प्रकाशित सुचना अनुसार मेलौली नगरपालिकाको क्षेत्र विस्तार गरिएको हो । नेपालको संविधान २०७२ अनुसार सुदुरपश्चिम प्रदेश अन्तर्गत पर्ने यो नगर बैतडी जिल्लाका ४ वटा नगरपालिका मध्येको एक हो । बैतडी जिल्लाको दक्षिण पश्चिम भागमा पर्ने यस नगरपालिकाको केन्द्र मेलौली बजार जिल्ला सदमुकाम बैतडीबाट करिब ३५ किलोमिटरको दुरीमा पर्छ ।

नयाँ संरचना अनुसार यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । वि.स २०७८ को प्रारम्भिक जनगरणनाको प्रतिवेदन अनुसार यस नगरपालिकामा ४,६२६ घरधुरी संख्या रहेको छ भने कुल जनसंख्या २१,००० रहेको छ । ११९.४३ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस मेलौली नगरपालिकाको पुर्वमा ८२.६३ पुर्वी देशान्तर देखि ८२.१९ डिग्री पश्चिम सम्म र उत्तरमा २८.०३ डिग्री अक्षांस देखि २७.८३ डिग्री दक्षिण सम्म चुरे पर्वतको वीचमा अवस्थित छ । यो क्षेत्र समुद्रि सत्तहदेखि सरदर १८०० मिटरको उचाईमा छ । यस नगरपालिकाको पुर्व र उत्तरमा पाटन नगरपालिका, पश्चिममा पचेश्वर र शिवनाथ गाउँपालिका तथा दक्षिणमा डडेलधुरा जिल्लाका अजयमेरु र भागेश्वर गाउँपालिका पर्दछन् ।

## २.२ राजनीतिक अवस्थिती:

नेपाल सरकारको मिति २०७३ फाल्गुन २२ गतेको निर्णय अनुसार प्रारम्भमा साविकका मेलौली, महारुद्र, विशालपुर, दुर्गास्थान (१,२,३,८ र ९ वार्डहरु), सलेना, शिवनाथ(६,७ र ९ वार्डहरु), रोडीदेवल(४,५,६ र ७ वार्डहरु) गा.वि.स. हरु समावेश गरी मेलौली नगरपालिका घोषणा गरिएको हो । बैतडि जिल्लामा संघीय निर्वाचन क्षेत्र एक मात्र रहेकोले यो नगरपालिका पनि उक्त निर्वाचन क्षेत्र अन्तर्गत पर्दछ भने प्रदेश निर्वाचन क्षेत्र ख अन्तर्गत पर्दछ ।नगरपालिकाको वडागत जनसङ्ख्या र क्षेत्रफल विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ वडागत क्षेत्रफल र समावेश साविक गाविसको विवरण**

| क्र.सं. | नयाँ वडा | समावेश साविक गाविसका वडा | क्षेत्रफल (वर्ग कि मि) |
|---|---|---|---|
| १ | १ | मेलौली (३ ४ ५ ६ ७ ८ र ९) | १३.६९ |
| २ | २ | सलेना (१ २ ३ ४ र ५) र दुर्गास्थान (१ २ र ३) | १९.०६ |
| ३ | ३ | सलेना (६ ७ ८ र ९) र दुर्गास्थान (८ र ९) | १३.२७ |
| ४ | ४ | रोडीदेवल (४ ५ ६ र ७) | ८.८४ |
| ५ | ५ | महारुद्र (१ २ ३ ४ र ५) | ४.२७ |
| ६ | ६ | महारुद्र (५ ६ ७ ८ र ९) | १५.१३ |
| ७ | ७ | शिवनाथ ( ६ ७ ८ र ९) र मेलौली (१ र २) | २४.९६ |
| ८ | ८ | बिशालपुर (३ ४ ५ ६) | ९.२८ |
| ९ | ९ | बिशालपुर (१ २ ७ ८ र ९) | १०.९३ |

| क्र.सं. | नयाँ वडा | समावेश साविक गाविसका वडा | क्षेत्रफल (वर्ग कि मि) |
|---|---|---|---|
| | जम्मा | | ११९.४३ |

*श्रोत :संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,*

## २.३ धरातलीय अवस्थाः

मेलौली नगरपालिकाको अधिकांस भुभाग पहाडी रहेकोले यहाँको हावापानी चिसो रहेको छ । यहाँ अधिकतम तापक्रम ३६ डीग्री सेल्सीयस र न्युनतम तापक्रम औषत २ डीग्री सेल्सीयस हुन्छ ।वार्षिक औषत वर्षा ३०० मिमि हुने तथ्याङ्क छ । यस नगरपालिकाको हावापानी र वातावरण सुन्दर र रमणीय रहेको छ । सुर्नया नदी तथा स्याडी खोलामा साना नहर निर्माण गरी सिचाइ तथा लघु जलविधुत्त आयोजना संचालनमा रहेका छन । सुर्नया नदी किनारमा जमिन उर्वर रहेको छ । यहाँ धान मकै गहुँ कोदो जौ आदिको खेती प्रमुख रुपमा यस नगरपालिका क्षेत्र भित्र गरीन्छ । आलु प्याज गोलभेडा लसुन भन्टा रायो सिमि वोडी बन्दा काउली भिण्डी आदि मुख्य तरकारी बालीको खेती यो क्षेत्रमा गरीन्छ । यस नगरपालिका क्षेत्रका सवै ९ वटै वडामा गरि करिव ६१ वटा प्रमुख मानव वस्तीहरु रहेका छन् । वरिपरिका केही वस्तीहरु वाहेक अन्य वस्तीहरु ग्रामिण ईलाकामा रहेका छन् । पहाडी क्षेत्र देखि तराई भावर सम्म छरिएर रहेका यी वस्तीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ । लामालेक, सलेना, काँडा स्थानीय बजार क्षेत्र रहेका छन्।

## २.४ प्राकृतिक तथा ऐतिहासिक स्थलहरुको विवरणः

मेलौली नगरपालिका भित्र रहेका प्राकृतिक तथा ऐतिहासिक स्थलहरुको विवरण तपशील अनुसार रहेका छनः

**तालिका नं. २ प्राकृतिक तथा ऐतिहासिक स्थलहरु**

| क्र.स. | प्राकृतिक तथा ऐतिहासिक स्थलहरुको नाम | स्थान |
|---|---|---|
| १ | ग्वाल्लेक क्षेत्र | मे.न.पा. ३ ४ र ५ |
| २ | सुर्नया नदी | मे.न.पा. १ २ ८ र ९ |
| ३ | सिमाको पड (काठो) | मे.न.पा. ३ ४ र ५ |
| ४ | आगर कोट | मे.न.पा. १ |
| ५ | सलेना कोट | मे.न.पा. २ |
| ६ | खापर गुफा | मे.न.पा. २ |
| ७ | सातथुमको ओढार | मे.न.पा. ३ ठुलाखोला |
| ८ | कत्युरो बसेको स्थान | मे.न.पा. ५ सिरोड |
| ९ | पत्थरखानी | मलेना, लिखोडा, असुर, चमसाल, चन्नरखोला |
| १० | फलाम खानी | मे.न.पा. ५ खलिगाड |
| ११ | ओखल कोट | मे.न.पा. ९ |
| १२ | द्वारीका देवी मिन बहादुर स्मारक | मे.न.पा. १ |

| | | |
|---|---|---|
| १३ | धाउखानी | बागोट, सेली, सेरा, तोल्या |
| १४ | खरी खानी | तिताबै, मेलौली तल्लागाउँ पेल्या |
| १५ | किट, कमेरो खानी | कुजागाड, तिताबै, पेल्या, तोल्या, शितलपुर |
| १६ | मेलौली देव गुफा | मेलौली १ |
| १७ | अगपडे ढुङ्गा | तिताबै, कोटीगाउँ, शेरा |
| १८ | रातोमाटो खानी | देउब्यानी, कुन्थला, जोगमानी थला, सलेना |
| १९ | दवानीको ढुङ्गा खानी | मे.न.पा. ७ |
| २० | चुनखानी | मे.न.पा. ५ |
| २१ | कत्युरोको धारो | मे.न.पा. ५ खलिगाड र मे.न.पा. ६ पोखरी समैला |
| २२ | जर्कोट | मे.न.पा. १ |
| २३ | शिव गुफा | मे.न.पा. ९ |

## २.५ सांस्कृतिक उत्कृष्टताः

### २.५.१ स्थानीय चाडपर्व,जात्रा तथा मेलाहरुको विवरणः

यस मेलौली नगरपालिकालाई धार्मिक तथा सामाजिक विविधताले भरिपूर्ण गाउँपालिकाका रुपमा पनि चिन्न सकिन्छ । यहाँ विभिन्न जातजाती, धार्मिक आस्था, भेषभुषा तथा भाषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरूको बसोवास रहेका पाईन्छ भने बौद्ध, इस्लाम र इसाई धर्म मान्ने मानिसहरूको वसोवास पनि रहेको पाईन्छ । सबै जातजाती र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू रहेको पाईन्छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीकृष्ण जन्माष्टमी, गौरापर्व पहाडी समुदाय तथा हिन्दु धर्मालम्बीको मुख्य पर्व हुन्। त्यसैगरी, क्रिस्मस ईसाई धर्मालम्बीहरुका लागी महान् पर्वका रुपमा रहदै आएको छ । विभिन्न धर्मालम्बीहरुका आ-आफ्नै चाडपर्व भएतापनि वदि्लदो समाजको स्वरुपका कारण सबै धर्मालम्बीहरुले सबैका चाडपर्वहरुमा उत्सव मनाउदै आएको पनि पाईन्छ । त्यसैले परापूर्वकाल देखि नै चल्दै आएका यी र यस्ता सांस्कृतिक धरोहरहरुले समाजमा एकता र सौहार्दताको वातावरण सिर्जना गरेको पाईन्छ । त्यसकारण यी सांस्कृतिक उत्कृतष्टताहरुको जगेर्ना गर्नु जरुरी देखिन्छ । यस नगरपालिकामा मनाईने स्थानीय चाडपर्व, जात्रा तथा मेला सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३ नगरक्षेत्र भित्र मनाइने पर्व तथा मेलाहरु**

| क्र.स. | मनाइने चाडपर्व जात्रा तथा मेला | स्थान |
|---|---|---|
| १. | मेलौली जाँत (देही जाँत) | मे.न.पा. १ |
| २. | दुत्या | पचकोरा, सलेना, कपर्त, सेरा |
| ३. | शिवरात्री मेला | दुर्गास्थान, काडाँ, जर्कु, झुर्काली |
| ४. | सिमकी गङ्नान | मे.न.पा. ८ |

| | | |
|---|---|---|
| ५. | असमी जात | मे.न.पा. २, दुर्गास्थान |
| ६. | फागु | मे.न.पा. ४ तिताबै |
| ७. | धुनी | खलिगाड, सिराड, झुर्काली, बसाडी, सेरा, लोर्खा |
| ८. | समैजी जाँत | मे.न.पा. २ |
| ९. | गौरा | मे.न.पा. भरी |
| १०. | नयाँ वर्ष (विषुपति) | मे.न.पा. भरी |
| ११. | होली | मे.न.पा. भरी |
| १२. | नवरात्री | मे.न.पा. भरी |
| १३. | ओल्के सक्रान्ती | मे.न.पा. भरी |
| १४. | मकर सक्रान्ती | मे.न.पा. भरी |
| १५. | दशै | मे.न.पा. भरी |
| १६. | चैते दशै | मे.न.पा. भरी |
| १७. | दिपावली | मे.न.पा. भरी |
| १८. | बुड्डुनी सक्रान्ती | मे.न.पा. भरी |
| १९. | श्रीपञ्चमी | मे.न.पा. भरी |
| २०. | जनैपुर्णी | मे.न.पा. भरी |
| २१. | शिवरात्री पर्व | मे.न.पा. भरी |
| २२. | रामनवमी | मे.न.पा. भरी |
| २३. | सोह्र श्राद्ध | मे.न.पा. भरी |
| २४. | कृष्ण जन्माष्टमी | मे.न.पा. भरी |
| २५. | हरीतालिका तीज (त्रित्या) | मे.न.पा. भरी |
| २६. | ऋषि पञ्चमी | मे.न.पा. भरी |
| २७. | उदयदेव जाँत | मे.न.पा. भरी |
| २८. | अन्य जाँत, मेला, पर्वहरु | मे.न.पा. भरी |
| २९. | जितु जाँत | मे.न.पा. २ सलेना |
| ३०. | गंगेश्वर जाँत | मे.न.पा. ८ |

### २.५.२ पर्यटकीय तथा धार्मिक स्थलहरुको विवरणः

नेपाल सामाजिक, सांस्कृति, भौगोलिक र वन वनस्पतीमा विविधतापूर्ण राष्ट्र भएका कारण विश्वमा नै एउटा पर्यटकीय गन्तब्य स्थलकोरुपमा परिचित छ । ८००० मि. भन्दा अग्ला हिमालका चोटी देखि समुद्री सतह देखि ७२ मिटर सम्मको समथर भूमि पनि यहाँ नै रहेको छ । त्यसैले प्राकृतिक सौन्दर्यताका साथै सामाजिक साँस्कृतिक रुपमा पनि धनि यस राष्ट्रमा पर्यटनका अनेक सम्भाव्यताहरु रहेका छन् । साथै पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिब निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ। यी उद्देश्य पूरा गर्नका लागी स्थानीय

सरकारको पनि अहम भूमिका देखिन्छ ।मेलौली नगरपालिकासँग पनि अनेकन धार्मिक,पर्यावरणीय पर्यटन स्थलहरु रहेका छन् ।यहाँका प्राकृतिक तथा सांस्कृतिक धार्मिक पर्यटकीय स्थलहरुले आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्न सक्दछ ।तर यसका लागी नगरपालिकासँग उचित पर्यटन प्रवद्र्धन रणनीति हुन जरुरी छ।जसले नीजि लगानीकर्ताहरुलाई पनि साझेदार बनाउन सकोस् ।यस नगरपालिकामा रहेका प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरुको विवरण निम्नानुसार रहेका छन्।

**तालिका नं.४ मेलौली नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु**

| क.स. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | वडा नम्बर |
|---|---|---|
| १ | मलौली भगवती मन्दिर | मे.न.पा. १ |
| २ | गैशेर मन्दिर/गंगेश्वर | मे.न.पा. १ |
| ३ | बामन मन्दिर | मे.न.पा. १ |
| ४ | बामनी मन्दिर, मालिकापुजन | मे.न.पा. १ |
| ५ | सिद्व मन्दिर | मे.न.पा. १ |
| ६ | बेताल मन्दिर | मे.न.पा. १ |
| ७ | कैलपाल मन्दिर | मे.न.पा. १ |
| ८ | भुतलाछुप मन्दिर | मे.न.पा. १ |
| ९ | लाटा मन्दिर | मे.न.पा. १ |
| १० | रतनतुरी मन्दिर | मे.न.पा. १ |
| ११ | शिव मन्दिर | मे.न.पा. १ |
| १२ | गोपी जोशी मन्दिर | मे.न.पा. १ |
| १३ | उदयदेव मन्दिर | मे.न.पा. २ |
| १४ | असमी केदार | मे.न.पा. २ |
| १५ | केदार मन्दिर | मे.न.पा. २ |
| १६ | कैलपाल मन्दिर | मे.न.पा. २ |
| १७ | भुमिराज मन्दिर | मे.न.पा. २ |
| १८ | समैजी सदाफल मन्दिर | मे.न.पा. २ |
| १९ | महारुद्र मन्दिर | मे.न.पा. २ |
| २० | दुर्गा बेताल (पोटलासैनी) | मे.न.पा. २ |
| २१ | बेताल | मे.न.पा. २ |
| २२ | भैरव मन्दिर | मे.न.पा. २ |
| २३ | गोपी जोशी मन्दिर | मे.न.पा. २ |
| २४ | पितरमाण्डौं | मे.न.पा. २ |
| २५ | शिवकुटी | मे.न.पा. २ |
| २६ | शैंपाल | मे.न.पा. २ |
| २७ | लाटा | मे.न.पा. २ |

| | | |
|---|---|---|
| २८ | धर्याल केदार | मे.न.पा. ३ |
| २९ | बह्म बेताल | मे.न.पा. ३ |
| ३० | उदयदेव | मे.न.पा. ३ |
| ३१ | दोगडा | मे.न.पा. ३ |
| ३२ | गाडदेउ | मे.न.पा. ३ |
| ३३ | शिवालय | मे.न.पा. ३ |
| ३४ | ग्वालेक केदार धुरा | मे.न.पा. ३ |
| ३५ | केदार | मे.न.पा. ३ |
| ३६ | कर्के | मे.न.पा. ३ |
| ३७ | भुतलाछापु | मे.न.पा. ३ |
| ३८ | गाडदेउ | मे.न.पा. ४ |
| ३९ | उदयदेउ | मे.न.पा. ४ |
| ४० | ग्वालेक केदार | मे.न.पा. ४ |
| ४१ | गणमेश्वर | मे.न.पा. ४ |
| ४२ | महारुद्र | मे.न.पा. ५ |
| ४३ | कनल्या केदार | मे.न.पा. ५ |
| ४४ | दुर्गा भवानी | मे.न.पा. ५ |
| ४५ | बेताल | मे.न.पा. ५ |
| ४६ | भुतलाछापु | मे.न.पा. ५ |
| ४७ | सिद्ब, लाटोकटारी, सिङडो, नागार्जुन, कलापाठ | मे.न.पा. ५ |
| ४८ | उदयदेउ | मे.न.पा. ५ |
| ४९ | शिवकुटी | मे.न.पा. ५ |
| ५० | मस्ठो, लाटोकटरी, भुतलाछापु | मे.न.पा. ६ |
| ५१ | पितर, /रतनतुरी | मे.न.पा. ६ |
| ५२ | भगवती भण्डार | मे.न.पा. ६ |
| ५३ | मणिलेक | मे.न.पा. ७ |
| ५४ | शिव | मे.न.पा. ७ |
| ५५ | उदयदेव | मे.न.पा. ७ |
| ५६ | पितर | मे.न.पा. ७ |
| ५७ | मष्ठा | मे.न.पा. ७ |
| ५८ | भगवती | मे.न.पा. ७ |
| ५९ | गौडीवाग | मे.न.पा. ७ |
| ६० | छडी | मे.न.पा. ७ |
| ६१ | शिवाकुटी | मे.न.पा. ७ |
| ६२ | गंगेश्वर | मे.न.पा. ८ |
| ६३ | निलपाल | मे.न.पा. ८ |

| | | |
|---|---|---|
| ६४ | बेताल | मे.न.पा. ८ |
| ६५ | मौरे | मे.न.पा. ८ |
| ६६ | भगवती | मे.न.पा. ८ |
| ६७ | रतन्तुरी | मे.न.पा. ८ |
| ६८ | गंगेश्वर शिव दोगडा धाम | मे.न.पा. ८ |
| ६९ | शिव केदार | मे.न.पा. ९ |
| ७० | शिव | मे.न.पा. ९ |
| ७१ | कोल्तडा/रुद्रेश्वर | मे.न.पा. ९ |
| ७२ | मंगलेश्वर धाम | मे.न.पा. ९ |
| ७३ | पितरब्रह्मा | मे.न.पा. ९ |
| ७४ | उदयदेव | मे.न.पा. ९ |

### २.५.३ होटल, रिसोर्ट, रेष्टुरेन्ट र होमस्टे सम्बन्धिः

स्थानीय स्तरको उत्पादनलाई प्रबर्दन गर्दै नागरिकहरुलाई रोजगार बनाउन होटल, रिसोर्ट, रेष्टुरण्टहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसले नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्नपनि मद्दत पुर्याउँछ । यो नगरपालिका जिल्लाको तल्लो क्षेत्र पाटन पञ्चेश्वर राजमार्गमा रहेकोले आन्तरिक तथा वाह्य पर्यटनको सम्भाव्यता बोकेको छ। स्थानीय व्यवसायीहरुलाई होटल, रिसोर्ट र होमस्टे संचालनको आचारसहिंता अनुसार संचालनका लागी प्रोत्साहन गरेमा पर्यटन तथा आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।मेलौली नगरपालिका भित्र त्यति धेरै होटल तथा रेष्टुरेन्टहरु नभए पनि काडाँ बजार सलेना बजार मर्छले लगायतका बजार क्षेत्रमा केहि केहि होटल तथा रेष्टुरेन्टहरु रहेका छन ।

## २.६ खेलकुद तथा मनोरन्जनः

खेलकुदले एउटा व्यक्तिको सर्वाङगीण व्यक्तित्व विकासमा मद्दत पुर्याउनुका साथसाथै राष्ट्रिय अन्तराष्ट्रिय सम्वन्धलाई वलियो बनाउँछ र सामाजिक सौहार्दतालाई वढाउँछ । त्यसैले नेपालको संविधान, २०७२ को धारा ५१ बमोजिमका राज्यका नीति (ज) सामाजिक न्याय र समावेशीकिरण सम्वन्धि नीति अन्तर्गत १३ नं.वूँदामा स्वास्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति र अन्तराष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने नीति रहेको छ । त्यसैले उक्त नीतिको परिपालन गर्नु सबै तहका सरकारको दायित्व भएका कारण मेलौली नगरपालिकाले पनि संविधानको अनुसूची ९ मा रहेको साझा अधिकारका क्षेत्रको प्रयोग गर्दै खेलकुदको संरचनाका पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्नका लागी नीति तथा कार्यक्रमहरु बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

नगरपालिकाको वस्तुस्थिती विवरण संकलनका क्रममा जम्मा एउटा खेल मैदान देखिएको छ जसको क्षेत्रफल करीब ७ रोपनी जति रहेको छ। जुन खेलमैदानलाई स्तोन्नति गर्नुपर्ने देखिन्छ ।त्यसको उचित व्यवस्थापन गर्नका लागी संस्थागत संरचनाको आवश्यकता पनिदे खिन्छ। साथै राज्यको समावेशी विकासको

नीति अनुसार खेलमैदानहरुमा पनि सबै अवस्थाका (वालवालिका, युवा अपांगहरु) व्यक्तिहरुले खेल्न सक्ने गरी खेलमैदानको विकासगर्नुपर्ने देखिन्छ। अहिलेको प्रविधिले र वढ्दो शहरीकरणले गर्दा वालवालिका तथा युवा जमातहरुमा सामाजिकीकरणको अवस्था एकदमै कमजोर देखिँदै आएको पाईन्छ अथवा मानिसलाई एक्ल्याएको छ जसले गर्दा विभिन्न विकृतिहरुको शिकार हुनुपर्ने जोखिमहरु वढ्दै गईरहेको छ। त्यसकारण खेलकुद मात्रै एउटा यस्तो क्षेत्र हो जसले व्यक्तिको सामाजिक, शारिरीक र मानसिक विकासमा मद्दत पुर्याउदै अनुशासित बनाउँछ । खेलकुदको क्षेत्र र मनोरञ्जनको क्षेत्रको विकास गरिएमा युवाहरु विभिन्न क्लवद्धारा संगठित हुने मौका पाउँछन्।

त्यसका लागी नगरपालिकाले खेलकुदका लागी पूर्वाधार विकास, खेलकुद प्रतियोगिताको विद्यालयस्तरीय, पालिकास्तरीय, अन्तरपालिका स्तरीय, आयोजना र सहभागिता गर्नुपर्ने देखिन्छ । खेलकुदको विकासका लागी नगरपालिका एक्लैले मात्र नगरी नीजि संघ संस्थाहरुलाई पनि साझेदारीताको लागी आब्हान गर्नपर्ने देखिन्छ । साथै नगरपालिका भित्र रहेका युवा खेलाडीहरु र खेल प्रशिक्षहरुको खोजि गरी अभिलेखिकरण गर्ने, सम्मान गर्ने र युवा वालवालिकाको कस्ता खेलमा वढी चासो रहेको छ, कुन कुरालाई प्रवद्र्धन गर्नुपर्दछ त्यसको खोजी गरी योजना बनाउनु पर्ने देखिन्छ । साथै मनोरञ्जनका क्षेत्रको विकासका लागी स्थानीय थारु सांस्कृतिक कार्यक्रमलाई प्रवर्धन गर्न सकिन्छ । वडास्तरमा होमस्टेहरुको व्यवस्था गरी स्थानीय खानपान, मनोरञ्जन गराउन सकिन्छ र वाल उद्यानहरुको व्यवस्था पनि गर्नुपर्ने देखिन्छ । नगरपालिकाको वार्षिक तथा आवधिक योजना बनाउँदा प्रायजसो युवा लक्षित कार्यक्रम गरेको पाईदैन । त्यसकारण युवाहरुमा निरासापन पनि देखिन्छ । त्यसैले नगरपालिकाले आफ्नो अल्पकालिन तथा दीर्घकालिन योजनामा युवा लक्षित कार्यक्रमहरु खेलकुद तथा मनोरञ्जनलाई प्रवद्र्धन गर्ने खालका कार्यक्रम वनाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

## २.७ सार्वजनिक भवन, पाटी पौवा र चौताराः

सार्वजनिक तथा सामुदायिक कामकाज तथा विकासका गतिविधिहरु संचालन गर्नका लागी सार्वजनिक स्थानमा सबैको सहज पहुँच र सुविधा होस भन्ने उद्देश्यले सार्वजनिक भवन र विश्राम, कचहरी गर्नका लागी परापूर्वकाल देखि नै सार्वजनिक पाटीपौवा र चौताराहरु बनाउने गरेको पाईन्छ । खासगरी यातायातको सुविधा नभएको अवस्थामा पैदल यात्रुहरुको थकान मेटाउनका लागी विश्राम गर्न सार्वजनिक स्थलहरुमा पाटी पौवा, चौताराहरु बनाउने चलन रहेको थियो । कसैको व्यक्तिगत हक वा स्वामित्वमा नभएको यी स्थलहरु सबैले सार्वजनिक सम्पत्तिका रुपमा प्रयोग गर्दै आईरहेको अहिले पनि पाईन्छ । प्रायजसो स्थानीय वासीहरुले यी सम्पत्तिहरुलाई सामाजिक विकासका लागी वहस, छलफल गर्न, विश्राम गर्न अहिले पनि प्रयोग गर्ने गरेको पाईन्छ । तर पूर्वाधार विकासका क्रममा यी पूरातात्विक सम्पत्तिहरु लोपहुने खतरामा भने रहेकाछन्। जसको संरक्षण, संवद्र्धन गर्नका लागी स्थानीय वासीहरुलाई जिम्मेवार बनाउनु र भत्केका संरचनाको पुनसंरचना गर्नुपनि नगरपालिकाको दायित्व भित्र पर्दछ ।

## २.८ विकासका सम्भावनाहरू:

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्वपूर्ण अवसर नगरपालिकालाई प्राप्त भएको छ । यस नगरपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छः

१. संवैधानिक रुपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको छ ।
२. नगरपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस नगरपालिकालाई पहिचान दिने गरी कृषि उत्पादन गर्न सक्ने नगरपालिकाका रूपमा विकास गर्न सकिनेछ ।
३. एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको प्रचुर सम्भावना रहन गएको छ ।
४. कृषिजन्य उत्पादित वस्तुकोलागि आवश्यक बजारको समस्या नरहेको, यस नगरपालिकामा उत्पादन हुने जैविक कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।
५. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
६. अमिलो प्रजातीका फलफुल, आलु, टमाटर, अदुवा, टिमुर लगायत विभिन्न मौसमी तथा बेमौसमी फलफुल एवं तरकारीहरू, मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस नगरपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा वृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ ।
७. नगरपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ ।
८. वनजङ्गल, विभिन्न जडिबुटी, जलस्रोत, ढुङ्गाखानी जस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको छ ।
९. पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ ।
१०. नगरपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडिबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।
११. आवधिक योजनाको निर्माण प्रक्रियासँगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ ।

## २.९ नगरपालिकाका चुनौतीहरुः

मेलौली नगरपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

१. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संशाधन विकासका कारण अपेक्षित रुपमा आन्तरिक राजस्व सङ्कलन नहुनु ।
२. धेरैजसो भू-भागमा वन क्षेत्र, चरनपाखा, खोला, बगर, भीर पाखा र भिरालो जमिन भएकोले कृषिको आधुनीकिकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु ।
३. विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु ।
४. नगरपालिकाका सबै वडाहरूमा मोटरबाटो पुऱ्याउनु ।
५. नगरपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रुपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।
६. पर्यटकीय विकासको उच्च सम्भावना बोकेका हिमाल, पदयात्रा, उच्च पहाडी फाँटहरू र झरना लगायतका क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु ।
७. नगरपालिकाका विभिन्न वडाहरूमा विभिन्न प्रकारका नयाँ नयाँ फलफूल तथा जडिबुटीहरूको व्यावसायिक रुपमा खेती शुरु गरे तापनि यिनीहरूका लागि बजार व्यवस्थापन गरी कृषकहरूलाई यसतर्फ दीर्घकालीन रुपमा आकर्षित गराउनु ।
८. नगरपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्वपूर्ण जडिबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।
९. स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
१०. ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
११. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
१२. सबै नगरबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
१३. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमीनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्नु ।
१४. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी नगरपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत राख्नु।

# परिच्छेद — तीन जनसंख्याको विवरण

## ३.१ जनसंख्या वितरणको अवस्थाः




राष्ट्रिय जनगरणना २०७८ अनुसार मेलौली नगरपालिकाको कुल जनसंख्या २०६५८ जना रहेको छ, जस मध्ये महिलाको जनसंख्या १११५७ जना र पुरुषको जनसंख्या ९५०१ जना रहेको छ ।मेलौली नगरपालिकामा जम्मा घरधुरी संख्या ४५३६ वटा रहेको पाइन्छ ।जनसंख्याको वडागत विस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं. ५ नगरपालिकाको जनसंख्या र घरधुरी संख्याको विवरण**

| वडा नं | घरधुरी संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ७९१ | १७५५ | २०६७ | ३८२२ |
| २ | ६४० | १३३८ | १५९८ | २९३६ |
| ३ | ५०१ | ८३८ | १०७५ | १९१३ |
| ४ | ३४३ | ५६१ | ६७८ | १२३९ |
| ५ | ४६२ | ९६२ | १२०० | २१६२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ३७७ | ८२८ | ८९९ | १७२७ |
| ७ | ६९९ | १४९५ | १७४५ | ३२४० |
| ८ | ३२३ | ८०५ | ८८३ | १६८८ |
| ९ | ४०० | ९१९ | १०१२ | १९३१ |
| जम्मा | ४५३६ | ९५०१ | १११५७ | २०६५८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

माथिको तालिकालाई हेर्दा जनसंख्याको आधारमा सबैभन्दा ठुलो वडा वडा नम्बर १ रहेको छ जहाँको जनसंख्या ३८२२ छ भने सबै भन्दा सानो वडा वडा नम्बर ८ रहेको छ जहाँको जनसंख्या १६८८ छ।

## ३.२ उमेर तथा लिङ्गका आधारमा जनसंख्याः

मेलौली नगरपालिकाको उमेर तथा लिङ्गका आधारमा राष्ट्रिय जनगणना २०७८ अनुसार जनसंख्या तलको तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं.६ उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण**

| उमेर | पुरुष | महिला |
|---|---:|---:|
| ९५+ | १ | १५ |
| ९०-९४ | ६ | १७ |
| ८५-८९ | २८ | ३३ |
| ८०-८४ | ५८ | ८५ |
| ७५-७९ | १११ | १९२ |
| ७०-७४ | १८० | २८३ |
| ६५-६९ | २६२ | २८६ |
| ६०-६४ | ३४९ | ३६२ |
| ५५-५९ | ३८४ | ३९७ |
| ५०-५४ | ४२८ | ५२८ |
| ४५-४९ | ४३९ | ५३८ |
| ४०-४४ | ४८२ | ६५० |
| ३५-३९ | ४५३ | ६३६ |
| ३०-३४ | ५१४ | ६९१ |
| २५-२९ | ६०० | ८०१ |
| २०-२४ | ६८२ | ११३४ |
| १५-१९ | ११७७ | १२९८ |
| १०-१४ | १३१८ | १३२३ |
| ०५-०९ | १०४० | ९६१ |
| ००-०४ | ९८९ | ९२७ |
| जम्मा | ९५०१ | १११५७ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

माथीको तालिकाबाट के स्पष्ट हुन्छ भने मेलौली नगरपालिकामा सबै भन्दा कम जनसंख्या ९५ वा ९५ वर्ष भन्दा माथिको उमेर समुहको रहेको छ जस अनुसार पुरुष १ जना र महिला १५ जना रहेका छन ।त्यस्तै सबै भन्दा बढी जनसंख्या पुरुषमा १५-१९ उमेर समुहको रहेको छ भने महिलामा १०-१४ उमेर समुहको रहेको पाइन्छ ।

## ३.३ भाषाका आधारमा जनसंख्याको विवरणः

मेलौली नगरपालिकाको प्राय पुरै जनसंख्या बैतडेली भाषा बोल्छन, अर्को अर्थमा भन्नु पर्दा नगरपालिकाको कुल जनसंख्या नै बैतडेली भाषा बोल्ने हुनाले भाषाका आधारमा यहाँको जनसंख्या २०६५८ रहेको छ ।

## ३.४ विवाहका आधारमा जनसंख्याको विवरणः

मेलौली नगरपालिका भित्र बसोबास गर्ने जनसंख्यालाई विवाहित/अविवाहित, विधवा/विदुर, सम्बन्ध विच्छेद आदिका आधारमा जनसंख्याको विवरण निम्मनानुसार उल्लेख गरीएको छ ।

**तालिका नं.७ विवाहका आधारमा जनसंख्याको विवरण**

| विवरण | जम्मा प्रतिशतमा | पुरुष प्रतिशतमा | महिला प्रतिशतमा |
|---|---|---|---|
| Never married | ३५.५ | ४१.१ | ३०.९ |
| Married | ५७.३ | ५६.३ | ५८.२ |
| Widow/ widower | ६.९ | २.४ | १०.६ |
| Divorced | ०.०३ | ०.०५ | ०.०१ |
| Separated | ०.३ | ०.२ | ०.३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ३.५ जातिगत आधारमा जनसंख्याको विवरणः

मेलौली नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातीको जनसंख्याको विवरणलाइ तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं.८ जातिगत आधारमा जनसंख्याको विवरण**

| जातजाती | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| क्षेत्री | ६६६७ | ३०७० | ३५९७ |
| पहाडी ब्राह्मण | ४४८० | २११२ | २३६८ |
| विश्वकर्मा | ४६९१ | २१५० | २५४१ |
| परीयार | ७७० | ३६० | ४१० |
| ठकुरी | ३७१८ | १६४३ | २०७५ |
| मिजार | २८८ | १४२ | १४६ |
| सन्याशी/दशनामी | २७ | ११ | १६ |
| अन्य | १७ | १३ | ४ |

| | | | |
|---|---|---|---|
| जम्मा | २०६५८ | ९५०१ | १११५७ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ३.६ लिङ्गका आधारमा परीवारमुलीको विवरणः

**तालिका नं.९ लिङ्गका आधारमा परिवारमुलीको विवरण**

| उमेर समुह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| > ७० | २४१ | १२६ | ३६७ |
| ६०–६९ | ५२२ | १५९ | ६८१ |
| ५०–५९ | ७१३ | १७० | ८८३ |
| ४०–४९ | ७८२ | २८२ | १०६४ |
| ३०–३९ | ६०२ | ३३२ | ९३४ |
| २०–२९ | २८८ | २६१ | ५४९ |
| १५–१९ | २२ | २५ | ४७ |
| < १४ | ९ | २ | ११ |
| जम्मा | ३१७९ | १३५७ | ४५३६ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ३.७ पेशागत आधारमा जनसंख्याको विवरणः

उमेर तथा लिङ्गका आधारमा मेलौली नगरपालिकाको पेशागत अनुसारको जनसंख्यालाई तपशीलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. १० पेशागत आधारमा जनसंख्याको विवरण**

| Sex and occupation | All ages | Age group | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 10-14 years | 15 - 19 years | 20-24 years | 25 - 29 years | 30-34 years | 35-39 years | 40-44 years | 45-49 years | 50-54 years | 55-59 years | 60-64 years | 65 years & above |
| **Male** | | | | | | | | | | | | | |
| **Total** | **5588** | **575** | **643** | **536** | **554** | **497** | **435** | **467** | **425** | **408** | **357** | **302** | **389** |
| Armed forces | 10 | 0 | 0 | 0 | 4 | 3 | 1 | 1 | 1 | 0 | 0 | 0 | 0 |
| Managers | 145 | 0 | 4 | 8 | 14 | 20 | 20 | 19 | 21 | 14 | 10 | 6 | 9 |
| Professionals | 272 | 0 | 1 | 16 | 31 | 49 | 51 | 38 | 26 | 34 | 18 | 6 | 2 |
| Technicians and associate professional | 38 | 0 | 1 | 3 | 10 | 6 | 6 | 3 | 5 | 1 | 2 | 0 | 1 |
| Office assistance | 21 | 0 | 1 | 4 | 2 | 6 | 2 | 1 | 2 | 1 | 0 | 0 | 2 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Service & sale workers | 214 | 0 | 10 | 30 | 26 | 28 | 25 | 21 | 18 | 15 | 11 | 11 | 19 |
| | Skilled agri.,forestry & fishery workers | 3715 | 388 | 445 | 360 | 355 | 281 | 262 | 296 | 271 | 283 | 267 | 228 | 279 |
| | Craft and related trades workers | 297 | 6 | 20 | 16 | 28 | 36 | 26 | 40 | 33 | 34 | 25 | 20 | 13 |
| | Plant & machine operators & assemblers | 60 | 0 | 4 | 14 | 15 | 12 | 4 | 5 | 5 | 0 | 1 | 0 | 0 |
| | Elementary workers | 813 | 180 | 157 | 85 | 67 | 56 | 38 | 43 | 43 | 26 | 23 | 31 | 64 |
| | Occupation not stated | 3 | 1 | 0 | 0 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **Female** | | | | | | | | | | | | | |
| | **Total** | **6860** | **561** | **739** | **949** | **750** | **664** | **609** | **627** | **511** | **471** | **343** | **271** | **365** |
| | Armed forces | 2 | 0 | 0 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | Managers | 51 | 0 | 3 | 8 | 12 | 13 | 4 | 4 | 2 | 1 | 2 | 1 | 1 |
| | Professionals | 113 | 0 | 0 | 8 | 25 | 35 | 25 | 20 | 0 | 0 | 0 | 0 | 0 |
| | Technicians and associate professional | 32 | 0 | 2 | 7 | 7 | 9 | 3 | 2 | 0 | 1 | 1 | 0 | 0 |
| | Office assistance | 11 | 0 | 0 | 3 | 1 | 3 | 2 | 1 | 1 | 0 | 0 | 0 | 0 |
| | Service & sale workers | 60 | 0 | 5 | 13 | 18 | 2 | 9 | 6 | 2 | 3 | 2 | 0 | 0 |
| | Skilled agri.,forestry & fishery workers | 5800 | 382 | 570 | 823 | 634 | 565 | 547 | 567 | 481 | 439 | 310 | 235 | 247 |
| | Craft and related trades workers | 109 | 2 | 14 | 22 | 15 | 11 | 7 | 8 | 9 | 9 | 4 | 3 | 5 |
| | Plant & machine operators & assemblers | 1 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | Elementary workers | 680 | 176 | 145 | 63 | 38 | 25 | 12 | 19 | 16 | 18 | 24 | 32 | 112 |
| | Occupation not stated | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

मुख्य मुख्य पेशाको आधारमा यस नगरपालिका भित्र रहेको जनसंख्यालाई प्रतिशतको आधारमा तलको तालिकामा उल्लेख गरीएको छः

**तालिका नं. ११ पेशागत आधारमा जनसंख्या प्रतिशत**

| क.स | पेशा | महिला | पुरुष |
|---|---|---|---|
| १ | कृषि | ८९.० | ८५.४ |
| २ | सरकारी नौकरी | ०.७ | ४.६ |

| | | | |
|---|---|---|---|
| ३ | व्यापार | ०.१ | ०.६ |
| ४ | घरायसी काम | ७.७ | ०.४ |
| ५ | अन्य | २.३ | ५.५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ३.८ अपाङ्गतका आधारमा जनसंख्याको विवरणः

नगरपालिकाभित्र रहेका विभिन्न प्रकारका अपाङ्गता भएका मानिसहरूको जनसंख्यालई यस प्रकार उल्लेख गर्न सकीन्छ ।

**तालिका नं. १२ अपाङ्गताका आधारमा जनसंख्याको विवरण**

| अपाङ्गताको प्रकार | जम्मा प्रतिशतमा | महिला प्रतिशतमा | पुरुष प्रतिशतमा |
|---|---|---|---|
| Physical | ५१.२ | ५०.२ | ५२.३ |
| Low Vision | १३.६ | १४.७ | १२.३ |
| Blind | ४.७ | ३ | ६.७ |
| Deaf | ४ | ४.४ | ३.५ |
| Psycho-social disabililty | ३.२ | ३.५ | २.९ |
| Hard of hearing | ९ | ८.२ | ९.९ |
| Deaf and blind | २.२ | १.९ | २.७ |
| Speech impairment | ४.२ | ४.४ | ४ |
| Intellectual disability | ०.६ | ०.७ | ०.५ |
| Hemophilia | ०.७ | ०.९ | ०.५ |
| Autism | ०.५ | ०.२ | ०.८ |
| Multiple disability | ५.९ | ७.७ | ३.८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ३.९ धर्मका आधारमा जनसंख्याको विवरणः

यस नगरपालिकाको कुल जनसंख्या मध्ये २०६५५ जना मान्छेहरु हिन्दु धर्म मान्ने गर्छन भने नगन्य मात्रामा मात्र अन्य धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.१३ धर्मका आधारमा जनसंख्या विवरण**

| लिङ्ग | जम्मा जनसंख्या | धर्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | वौद्ध | इसाइ | किराती | क्रिशियन | प्रकृति | वोन | जैन | वहाही | शिख |
| **Total** | २०६५८ | २०६५५ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० |
| **Male** | ९५०१ | ९४९८ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० |
| **Female** | १११५७ | १११५७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ३.१० जन्म तथा मृत्युदरको विवरणः

**तालिका नं. १४ मृत्युदर तथा प्रजनन दरको विवरण**

| क्र.स | विवरण | संख्या(प्रतिहजारमा) |
|---|---|---|
| १ | शिशु मृत्युदर | ७ जना |
| २ | बाल मृत्युदर | ३ जना |
| ३ | मातृ मृत्युदर | १ जना |
| ४ | प्रजनन दर(प्रति हजारमा) | १.९७ |

***स्रोतः स्वास्थ्य शाखा मेलौली नगरपालिका***

## ३.११ शौचालय प्रयोग गर्ने तथा स्वच्छ खानेपानीको सुविधा सम्बन्धि विवरणः

**तालिका नं. १५ खानेपानी तथा शौचालय प्रयोग सम्बन्धि विवरण**

| क्र.स | विवरण | संख्या (प्रतिहजारमा) |
|---|---|---|
| १ | शौचालय प्रयोग गर्ने परीवार | ८५ |
| २ | खानेपानी सुविधा प्राप्त परिवार | ५९.६५ |

***स्रोतः स्वास्थ्य शाखा मेलौली नगरपालिका***

# परिच्छेद — चार आर्थिक विकास

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, व्यापार उद्योग, पानी, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । उपयुक्त हावापानी र माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण नगरपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै गाविसहरूमा पहुँच सहज बनाएको छ ।त्यसैगरी नगरपालिकामा ठूलो संख्यामा रहेका तालहरूसहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले जिल्लाको विकासमा थप सम्भावना बोकेका छन्। पाटन नगरपालिका वैतडी जिल्लाको एकदमै रमणीय, धार्मिक तथा ऐतिहासिक नगरपालिकाको रुपमा चिनिन्छ । तसर्थ यस नगरपालिकामा क्षेत्रीय आकर्षण रहनु, जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानून, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू नगरपालिकाको विकासका लागि रहेका छन्। मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस नगरपालिकाका मानिसहरु साना तथा मझौला उद्योगहरुको विकास तर्फ लागिरहेका देखिन्छन्। नगरपालिकाको आर्थिक क्रियाकलापको अर्को विकल्प वैदेशिक रोजगार पनि हो । प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरु मध्ये वैतडी जिल्ला र विशेषतः मेलौली नगरपालिकाको महत्वपूर्ण स्थान रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक,

पौराणिक महत्वका स्थलहरू नगरपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्। यस परिच्छेदमा पेशा, रोजगारी, कृषि, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, पर्यटन, बैंक तथा वित्तिय संस्था, आयात निर्यात जस्ता विषयलाइ प्रस्तुत गरिएको छ ।

## ४.१ प्रमुख आर्थिक विवरणः

### ४.१.१ औषत आम्दानी विवरणः

### ४.१.२ बत्तीको प्रयोगको आधारमा घरपरीवार विवरणः

**तालिका नं. १६ घरपरीवारले प्रयोग गर्ने वत्ती सम्बन्धि विवरण**

| बत्तीको प्रकार | प्रतिशत |
|---|---|
| विजुली | 17.4 |
| सोलार बत्ती | 79.3 |
| मट्टीतेल | 0.04 |
| गोबर ग्यास | 0.02 |
| अन्य | 3.2 |

### ४.१.३ छानाको प्रकारको आधारमा घरपरीवार विवरणः

**तालिका नं. १७ घरको छानाको वनावटका आधारमा घरधुरी विवरण**

| विवरण | Total | Type of roof | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Galvanized sheet | Reinforced Cement Concrete | Thatch / straw | Tile | Stone/ slate | Wood / planks | Mud | Other |
| घरधुरी संख्या | ४५३६ | २७८ | ४३२ | १७ | ० | ३७२८ | ७६ | २ | ३ |

## ४.२ भु-उपयोगको अवस्था

सुदुर पश्चिमको पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले मिश्रित प्रकृतिको भु बनोट रहेको पाइन्छ । पालिकाको किनारी भाग भएर बग्ने सुर्नयन नदीको साथमा अग्ला-अग्ला पहाडका चुलीहरू यहाँका धरातलीय स्वरुपका आकर्षणहरू हुन् । पहाडका काखमा बान्की मिलेर बसेका खेतियोग्य भिराला जमिनहरू पनि देख्न सकिन्छ । ती बाहेक धेरैजसो भूभाग भिरालो र चट्टानी क्षेत्रले ओगटेको छ । अग्ला र भिराला पहाडी श्रृंखलाले बनेको यस नगरपालिकामा भीरपाखा तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ । यस क्षेत्रमा मुख्यतया सामान्य भिरालो जमिन र प्राय स्थानमा भिर रहेको छ । सामान्यतयाः यस क्षेत्रमा चिम्ट्याइलो खालको माटो र कडा खालको चट्टान रहेको देखिन्छ ।

**तालिका नं. १८ भु-उपयोगको अवस्था सम्बन्धि विवरण**

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल- वर्ग कि.मि. | प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | जङ्गल | ४५.६५ | ३८.२२ |
| २ | बुट्यान | ८.२० | ६.८७ |
| ३ | घाँसे मैदान | १०.४५ | ८.७४ |
| ४ | खेति योग्य जमिन | ३३.८७ | २८.३५ |
| ५ | अनुत्पादक क्षेत्र | १५.२५ | १२.७७ |
| ६ | नदी, ताल तथा पोखरी | ६.०१ | ५.०३ |
| | **जम्मा** | **११९.४३** | **१००.००** |

## ४.३ कृषि तथा पशु विकास

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धीविविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय स्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास मन्त्रालय र सहकारी तथा गरिबी निवारण मन्त्रालय र केन्द्रय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । आर्थिक सर्वेक्षण २०७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ । तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको वैज्ञानिक सदुपयोग विस्तारै सिर्जना हुनु पनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ ।नगरपालिका सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु , प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन्न यिनको उत्पादकत्व पनि बढी छ । नगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। कृषि योग्य जमिनको पूर्णत सदुपयोग गर्न सके वार्षिक आयमा बृद्धिगरी जीवनस्तर उकास्नुका साथै रोजगारी समेत श्रृजना हुन सक्ने देखिन्छ ।

### ४.३.१ कृषि उत्पादन सम्बन्धि विवरण

कृषिजन्य उत्पादन मध्ये आ.व. २०७८/०७९ को उत्पादनको अवस्थालाई हेर्दा अन्नवाली तथा तरकारीको उत्पादन **६८१३** रोपनी क्षेत्रमा **९९२१.७०** मे.टन रहेको देखिन्छ ।यससम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९ अन्य बालीको उब्जाउ सम्बन्धि विवरण**

| क्र.स. | बालीको नाम | क्षेत्रफल हेक्टरमा | उत्पादन परीमाण मे.टन |
|---|---|---|---|
| १ | गहुँ | २३०८ | ३०५९.५ |
| २ | मकै | १७१०.५ | ३२०८.१० |
| ३ | धान | १६६७ | ४७.९६ |
| ४ | जौ | ५८२ | ५५२.१ |
| ५ | कोदो | ९.१४ | ११.२ |
| ६ | तोरी | १५.१ | १२.१७ |
| ७ | आलु | ७०.५ | २४.२६ |
| ८ | काउली | १०.८ | ८८.१२ |
| ९ | बन्दा | ११.४ | १२४.१० |
| १० | केराउ | २१.३ | ३०.९ |
| ११ | मुसुरो | ६.२ | ४.३ |
| १२ | साग | १२.९३ | ९५.११ |
| १३ | मुला | २६.९ | ८८.१२ |
| १४ | गाजर | ०.१७ | ५.१ |
| १५ | नास्पाती | ९ | |
| १६ | ओखर | ४.९ | १९.१६ |
| १७ | आरुवखडा | १.१८ | १०.९ |
| १८ | सुन्तला मौसमी | १४.९ | ६.१३ |
| १९ | कागती | ४.१४ | १२.७ |
| २० | मास | १७ | २३.८ |
